जगदुल्ला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

माझगाउँ, डोल्पा

कर्णाली प्रदेश

आ.व.: २०८२/०८३ | च. नं: ......... | मिति २०८३/०२/०५ | प.सं.: १२४६

**स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/०७**

प्रस्तुत विषयमा स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा १३ को उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा यस जगदुल्ला गाउँपालिकामा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशर्त अनुदानको रूपमा बजेट विनियोजन भएको हुँदा कार्यक्रम सञ्चालन गर्न इच्छुक प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएका संघ संस्था, समूह, सहकारी संस्था तथा समुदायमा आधारित संस्थाहरूबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यविधिको अनुसूची–४ बमोजिमको ढाँचामा प्रस्ताव तथा व्यावसायिक योजना सहित आवश्यक कागजातहरू यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरू:

१. संस्थाको विधान, उद्देश्य, परिचय, कार्यक्षेत्र, सञ्चालन प्रक्रिया तथा भौतिक एवं वित्तीय स्रोत सम्बन्धी विवरण।

२. प्रस्तावित व्यवसाय वा कार्यक्रमको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि, स्रोत परिचालन तथा कार्यान्वयन योजना सहितको व्यावसायिक योजनाको विवरण।

३. प्रचलित कानुन बमोजिम संस्था/समूह/सहकारी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन।

५. प्रस्तावित कार्यक्रममा संस्थाले गर्ने योगदानको अंश तथा अन्य निकायबाट प्राप्त हुने सम्भावित सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण।

६. संस्था कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र।

७. तालिममा सहभागी हुने लक्षित वर्ग/समुदायका महिलाहरूको विवरण तथा उनीहरूलाई आयआर्जन, जीविकोपार्जन सुधार र आर्थिक सशक्तीकरणमा जोड्ने कार्ययोजना।

८. कार्यविधिमा उल्लेखित प्राथमिकताका क्षेत्रहरू जस्तै कृषि, पशुपालन, उत्पादनमूलक क्षेत्र, सेवा क्षेत्र, पर्यटन, स्थानीय सीप तथा स्रोतमा आधारित उद्यम, परम्परागत सीप प्रवर्द्धन, बजार पहुँच लगायतका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव।

९. सञ्चालक समिति/समूहको निर्णयको प्रतिलिपि।

१०. वडा कार्यालयको सिफारिस।

११. कार्यविधि बमोजिम आवश्यक अन्य कागजातहरू।

*नोट: प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेका संस्थाहरूबाट मात्र प्रस्ताव स्वीकार गरिनेछ। तोकिएको म्याद नाघी प्राप्त भएका वा आवश्यक कागजात अपुग भएका प्रस्तावहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैनन्।*

.....................................

खगेन्द्र एडी

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री जिल्ला प्रशासन कार्यालय, डोल्पा — सूचना टाँस गरिदिनुहुन।

श्री सबै वडा कार्यालयहरू, जगदुल्ला गाउँपालिका — सूचना टाँस तथा प्रचारप्रसार गरिदिनुहुन।

श्री सूचना प्रविधि शाखा — गाउँपालिकाको वेबसाइट तथा सामाजिक सञ्जालमा सूचना प्रकाशन गरिदिनुहुन।